विधेयकमा प्राप्त संशोधनका सूचनाहरूको एकीकृत विवरण

(प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११४ सँग सम्बन्धित)

विधेयकको नामः निःशुल्क कानुनी सहायता सम्बन्धी विधेयक, २०८३

संशोधनको सूचना पेस गर्नुहुने माननीय सदस्यहरू (दर्ताको क्रमअनुसार)

दर्ता न.	माननीय सदस्यहरूको नाम, थर
१.	मा. रन्जु न्यौपाने
२.	मा. कुसुम महर्जन
३.	मा. गणेश बहादुर विश्वकर्मा
४.	मा. रिमा विश्वकर्मा
५.	मा. गुरु प्रसाद बराल
६.	मा. ऐन बहादुर महर
७.	मा. लिमा अधिकारी (आचार्य)
८.	मा. गंगा छन्त्याल
९.	मा. क्रान्तिशिखा धिताल
१०.	मा. मनिष झा
११.	मा. सुशील खड्का
१२.	मा. नितिमा भण्डारी (कार्की)
१३.	मा. निशा डाँगी
१४.	मा. परशुराम तामाङ्ग
१५.	मा. कमल सुबेदी

संशोधनको बेहोरा

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
१.	मा. लिमा अधिकारी (आचार्य)	२	**खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नुपर्ने:-** "(ख) "असमर्थ पक्ष" भन्नाले आर्थिक, सामाजिक, शारीरिक वा अन्य कुनै कारणले आफैं कानुन व्यवसायी राख्न नसक्ने दफा ४ बमोजिमका व्यक्ति वा पक्ष, कसुरका पीडित, सूचना अधिकारका अभियन्ता/व्हिसलब्लोअर तथा हिरासत वा कारागारमा रहेका व्यक्ति सम्झनुपर्छ।" **खण्ड (घ) पछि देहायको खण्ड (घ१) राख्नुपर्ने:-** "(घ१) "डिजिटल कानुनी सहायता" भन्नाले सूचना प्रविधि, मोबाइल एप, भर्चुअल परामर्श तथा चौबीसै घन्टा हटलाइनमार्फत उपलब्ध गराइने कानुनी परामर्श, सचेतना र सहायता सम्झनुपर्छ।
२.	मा. परशुराम तामाङ्ग	२	**खण्ड (छ)** झिक्नुपर्ने।
३.	मा. कमल सुबेदी	२	**खण्ड (ख) मा रहेका,** - "कार्यान्वयनको क्रममा" भन्ने शब्दहरूपछि "वा अनुसन्धानको चरणमा" भन्ने शब्दहरू थप गर्नुपर्ने।
४.	मा. लिमा अधिकारी (आचार्य)	३	**दफाको अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने:-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "फौजदारी कसूरको आशङ्कामा पक्राउ परेका वा हिरासतमा राखिएका व्यक्तिलाई पक्राउ परेको दुई घण्टाभित्र अनिवार्य रूपमा निःशुल्क कानुनी सहायता अधिकृत वा वैतनिक कानुन व्यवसायीसँग गोप्य परामर्श गर्न पाउने अधिकार हुनेछ।"
५.	मा. रन्जु न्यौपाने	४	<u>खण्ड (घ) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>ः- - "वैदेशिक रोजगारीका क्रममा अङ्गभङ्ग, अपाङ्गता वा दीर्घकालीन रोगबाट प्रभावित भई स्वदेश फर्किएका व्यक्ति"।
६.	मा. गुरु प्रसाद बराल	४	<u>खण्ड (ख) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>ः- - "सामाजिक वा भौगोलिक कारणले न्यायमा पहुँचबाट वञ्चित हुन सक्ने व्यक्तिलाई समेत"
७.	मा. ऐन बहादुर महर	४	<u>खण्ड (झ) पछि देहायको खण्ड (ञ) थप गर्नुपर्ने</u>ः- "(ञ) बाढी पहिरो भूकम्प लगायत प्राकृतिक प्रकोपबाट परिवार समेत गुमाई घरवारविहिन हुनुपरेका व्यक्ति।"
८.	मा. लिमा अधिकारी (आचार्य)	४	<u>खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नुपर्ने</u>ः- "(ख) नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा गरिबीको रेखाभन्दा कम वार्षिक आय भएका आर्थिक रूपले विपन्न नागरिक,"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			<u>खण्ड (झ) पछि देहायको खण्ड (ञ) थप गर्नुपर्ने</u>:- "(ञ) भ्रष्टाचार, वातावरणीय विनाश वा सार्वजनिक हित विपरीतका कार्य विरुद्ध सूचना दिने सुराकी वा व्हिसलब्लोअर र वातावरण/जलवायु परिवर्तनका कारण विस्थापित नागरिक।"
९.	मा. मनिष झा	४	<u>खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राख्नुपर्ने</u>:- "(छ) फौजदारी कसुरको अनुसन्धान वा अभियोजनको सिलसिलामा पक्राउ परेको वा हिरासतमा रहेको र कानुन व्यवसायी राख्न असमर्थ रहेको व्यक्ति,"
१०.	मा. कमल सुबेदी	४	<u>खण्ड (ख) मा रहेका,</u> - "आर्थिक रूपले विपन्न नागरिक" भन्ने शब्दहरूपछि "वा तोकिएको वार्षिक आय सीमाभन्दा कम आय भएका व्यक्ति," भन्ने थप गर्नुपर्ने।
११.	मा. गंगा छन्त्याल	५	<u>उपदफा (३) को खण्ड (घ) मा रहेको,</u> - "अपाङ्गता भएका व्यक्तिको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपि" भन्ने शब्दहरूपछि "वा अपाङ्गता परिचयपत्र उपलब्ध नभएको अवस्थामा सम्बन्धित स्थानीय तह वा अधिकारप्राप्त निकायबाट अपाङ्गताको पहिचान खुल्ने सिफारिसपत्र" भन्ने शब्दहरू थप गर्ने।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			<u>उपदफा (५) पछि देहाय बमोजिमका उपदफा (६) र (७) थप गर्नुपर्ने</u>ः- "(६) अपाङ्गता भएका व्यक्तिहरूले निःशुल्क कानुनी सहायताका लागि निवेदन वा स्वघोषणा पत्र पेस गर्दा निजको सहजताका लागि साङ्केतिक भाषा, ब्रेल लिपि वा अन्य पहुँचयुक्त माध्यम (Accessible Formats) मा निवेदन तयार गरी पेस गर्न सकिने व्यवस्था गरिनेछ। (७) गम्भीर अपाङ्गता वा पूर्ण अपाङ्गता भई आफैं वा निजको संरक्षक कार्यालयसम्म उपस्थित हुन नसक्ने अवस्थाका व्यक्तिका लागि सम्बन्धित निकाय वा निःशुल्क कानुनी सहायता अधिकृतले घरदैलो वा निज रहेको स्थानमै पुगी निवेदन तथा स्वघोषणा तयार गराउनु पर्नेछ।"
१२.	मा. रन्जु न्यौपाने	५	<u>खण्ड (घ) पछि देहायको खण्ड (घ१) थप गरी त्यसपछिका खण्डक्रम मिलाउनुपर्ने</u>ः- "(घ१) वैदेशिक रोजगारीका क्रममा अङ्गभङ्ग, अपाङ्गता वा दीर्घकालीन रोगबाट प्रभावित भई स्वदेश फर्किएका व्यक्तिको हकमा सोसम्बन्धी अवस्था पुष्टि हुने सम्बन्धित कागजात वा अन्य प्रमाण।"
१३.	मा. लिमा अधिकारी (आचार्य)	५	<u>उपदफा (३) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नुपर्ने</u>ः- "(ख) दफा ४ को खण्ड (ख) बमोजिमका नागरिकको हकमा राष्ट्रिय परिचयपत्र, गरिबी परिचयपत्र वा स्थानीय तहको स्व-घोषणामा आधारित एकीकृत सिफारिस पत्र,"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			<u>उपदफा (५) पछि देहायको उपदफा (६) थप गर्नुपर्ने</u>ः- "(६) पक्राउ परेका वा हिरासतमा रहेका व्यक्तिको हकमा निजको आफन्त वा नातेदारले मौखिक वा जुनसुकै माध्यमबाट अनुरोध गरेमा वा अनुसन्धान अधिकारीले सूचना दिएमा बिना कुनै औपचारिक लिखित निवेदन तत्कालै निःशुल्क कानुनी सहायता उपलब्ध गराइनेछ।"
१४.	मा. रिमा विश्वकर्मा	५	<u>उपदफा (५) पछि देहायका उपदफा (६) र (७) थप गर्नुपर्ने</u>ः- "(६) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुर्गम क्षेत्रका असमर्थ पक्षका हकमा स्वघोषणापत्र वा सिफारिसपत्र सम्बन्धी प्रक्रिया सरलीकृत गरी निवेदन दिने, स्वघोषणा गर्ने तथा सिफारिस प्राप्त गर्ने कार्य मोबाइल तथा दफा ४२ बमोजिमको विद्युतीय माध्यमबाट पूर्ण रूपमा गर्न सक्ने व्यवस्था मिलाइनेछ। (७) उपदफा (६) बमोजिम विद्युतीय माध्यमबाट निवेदन प्राप्त भएमा जिल्ला समितिको सचिवालयले त्यस्तो निवेदन दर्ता गरी आवश्यक कागजात पछि पेस गर्न लगाउन सक्नेछ। **स्पष्टीकरण** : यस दफाको प्रयोजनका लागि "दुर्गम क्षेत्र" भन्नाले तोकिएबमोजिमको क्षेत्र सम्झनुपर्छ।"
१५.	मा. क्रान्तिशिखा धिताल	५	<u>उपदफा (४) पछि देहायका उपदफा (४क) थप गर्नुपर्ने</u>ः- "(४क) कारागारमा कैद रहेको कारण अथवा प्रशासनिक बाधा एवं ढिलासुस्तीका कारण उपदफा (३) बमोजिमका कागजपत्र जुटाउन असहाय व्यक्तिलाई

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			आवश्यक समन्वयको माध्यम जुटाइदिनु पर्नेछ र सो पनि सम्भव नभएको खण्डमा सो सम्भव नहुन्जेल आर्थिक अवस्था परीक्षण नगरी आवश्यक कानुनी सहायता उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ।"
१६.	मा. मनिष झा	५	**<u>उपदफा (३) पछि देहायका उपदफा (३क) थप गर्नुपर्ने</u>**:- "(३क) उपदफा (३) बमोजिमको कागजात तत्काल पेस गर्न नसकेको कारणले मात्र असमर्थ पक्षलाई निःशुल्क कानुनी सहायता दिन इन्कार गरिने छैन। त्यस्तो अवस्थामा सम्बन्धित अधिकारीले स्वघोषणा, उपलब्ध अभिलेख वा अन्य विश्वसनीय माध्यमबाट प्रारम्भिक रूपमा योग्यता यकिन गरी तत्काल कानुनी सहायता उपलब्ध गराउनु पर्नेछ।" **<u>उपदफा (४) पछि देहायका उपदफा (४क) थप गर्नुपर्ने</u>**:- "(४क) निःशुल्क कानुनी सहायता माग गरिएको निवेदन प्राप्त भएको सामान्य अवस्थामा चौबीस घण्टाभित्र र फौजदारी मुद्दामा पक्राउ, हिरासत वा हदम्याद समाप्त हुन लागेको अवस्थामा तत्काल निर्णय गरी कानुनी सहायता उपलब्ध गराउनु पर्नेछ।"
१७.	मा. परशुराम तामाङ्ग	५	**<u>उपदफा (१) र (२) मा रहेका,</u>** - "जिल्ला समितिको सचिवालयमा" भन्ने शब्दहरूका सट्टा "स्थानीय तहमा" भन्ने शब्दहरू राख्नुपर्ने।
१८.	मा. कुसुम महर्जन	६	**<u>उपदफा (३) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>**:-

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "त्यस्तो इन्कार लिखित कारणसहित निवेदकलाई जानकारी गराउनु पर्नेछ र निवेदकले सात दिनभित्र जिल्ला समितिमा उजुरी दिन सक्नेछ; समितिले सात दिनभित्र निर्णय गर्नु पर्नेछ।" **<u>उपदफा (४) मा रहेका</u>,** - "हदम्याद वा म्याद गुज्रने अवस्था भएमा" भन्ने शब्दहरूपछि "वा पक्राउ, हिरासत, घरेलु वा लैङ्गिक हिंसा वा अन्य तत्काल संरक्षण आवश्यक पर्ने अवस्था भएमा" भन्ने शब्दहरू थप गर्नुपर्ने।
१९.	मा. गुरु प्रसाद बराल	६	**<u>उपदफा (२) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "अत्यन्त गरीब, अशिक्षित, अपाङ्गता भएका, थुनुवा तथा हिंसापीडित व्यक्तिलाई कागजी प्रक्रिया सरल बनाई तत्काल सहायता उपलब्ध गराउने"।
२०.	मा. सुशील खड्का	६	**<u>उपदफा (३) पछि देहायको उपदफा (३क) थप गर्नुपर्ने</u>:-** "(३क) उपदफा (३) बमोजिम वा अन्य कुनै कारणबाट निःशुल्क कानुनी सहायता उपलब्ध गराउन इन्कार गरिएमा त्यसरी इन्कार गरिएको निर्णय लिखित रूपमा दिनु पर्नेछ। त्यस्तो निर्णयउपर चित्त नबुझ्ने पक्षले सो निर्णयको जानकारी पाएको मितिले सात दिनभित्र जिल्ला समितिसमक्ष उजुर गर्न सक्नेछ र जिल्ला समितिले उजुरी परेको मितिले पन्ध्र दिनभित्र अन्तिम निर्णय गर्नु पर्नेछ।"
२१.	मा. नितिमा भण्डारी (कार्की)		

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
२२.	मा. निशा डाँगी	६	<u>उपदफा (३) पछि देहायको उपदफा (४) थप गरी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्ने</u>:- "(४) उपदफा (२) बमोजिम तोकिएको अवधिभित्र कागजात वा विवरण पेस गर्न नसकेको मात्र आधारमा निःशुल्क कानुनी सहायता अस्वीकार गरिने छैन। त्यस्तो अवस्थामा निःशुल्क कानुनी सहायता अधिकृतले स्वःघोषणा, उपलब्ध अभिलेख वा अन्य विश्वसनीय माध्यमबाट प्रारम्भिक रूपमा योग्यता यकिन गरी आवश्यक कानुनी सहायता उपलब्ध गराउनु पर्नेछ।"
२३.	मा. लिमा अधिकारी (आचार्य)	७	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने</u>:- "(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा अदालतले निःशुल्क कानुनी सहायता प्राप्त गर्ने पुष्टि भएका असमर्थ पक्षको हकमा अदालती शुल्क (मुद्दा दर्ता शुल्क, नक्कल शुल्क, म्याद तामेली शुल्क र विशेषज्ञ साक्षीको खर्च) पूर्ण रूपमा मिनाहा गरी मुद्दा दर्ता र कारबाही गर्नु पर्नेछ।"
२४.	मा. गणेश बहादुर विश्वकर्मा	८	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने</u>:- "(२) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय न्यायिक समिति, गैरसरकारी संस्थाहरु र स्थानीय समुदायसँगको समन्वय तथा सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ।"
२५.	मा. लिमा अधिकारी (आचार्य)	८	<u>उपदफा (१) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "यसका लागि स्थानीय तहका प्रत्येक वडामा 'सामुदायिक विधिको शासन तथा कानुनी सचेतना केन्द्र' स्थापना गरी डिजिटल माध्यम र सामुदायिक प्यारालिगलमार्फत् सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।"
२६.	मा. गंगा छन्त्याल	८	<u>उपदफा (१) को अन्त्यमा देहायका प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>:- "तर यस्तो कानुनी सचेतना कार्यक्रम सञ्चालन गर्दा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गर्न साङ्केतिक भाषा, ब्रेल लिपि, र सरल भाषा (Easy-to-Read Formats) का सामग्री प्रयोग गरी समावेशी रूपमा सञ्चालन गर्नु पर्नेछ।"
२७.	मा. गणेश बहादुर विश्वकर्मा	९	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>:- "(१) कार्यकारी समिति, प्रदेश वा जिल्ला समितिले न्यायिक समितिले न्यायिक समितिको समन्वयमा असमर्थ पक्ष र दलित समुदायको वस्तिमा कानुनी परामर्श उपलब्ध गराउनका लागि कम्तीमा वर्षको एक पटक निःशुल्क कानुनी सहायता घुम्ती शिविर सञ्चालन गरिनेछ।"
२८.	मा. सुशील खड्का	९	<u>उपदफा (१)को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - घुम्ती शिविर सञ्चालन गर्नेछन्, जसमा भौगोलिक विकटता वा दुर्गमताका कारण कानुनी सहायताको पहुँचबाट बञ्चित हुन सक्ने गाउँपालिका वा वडालाई प्राथमिकता दिइनेछ ।
२९.	मा. नितिमा भण्डारी (कार्की)		
३०.	मा. परशुराम तामाङ्ग	९	<u>उपदफा (१) र (२) मा रहेका,</u>

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "जिल्ला समिति" भन्ने शब्दहरू झिक्नुपर्ने।
३१.	मा. गुरु प्रसाद बराल	१०	**<u>उपदफा (१) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "घरेलु हिंसा, लैङ्गिक हिंसा, बालबालिका, द्वन्द्वपीडित तथा गम्भीर फौजदारी मुद्दाका पीडितलाई कानुनी सहायता सँगसँगै आवश्यक मनोसामाजिक परामर्श अनिवार्य रूपमा उपलब्ध गराउने"।
३२.	मा. सुशील खड्का	१०	**<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>:-** "(१) जिल्ला समितिले निःशुल्क कानुनी सहायता माग गर्न आएको असमर्थ पक्षलाई मनोसामाजिक परामर्श उपलब्ध छ भनी जानकारी गराउनु पर्नेछ र माग गरेको वा आवश्यक रहेको अवस्थामा त्यस्तो पक्षलाई निःशुल्क मनोसामाजिक परामर्श उपलब्ध गराउनु पर्नेछ।"
३३.	मा. नितिमा भण्डारी (कार्की)		
३४.	मा. क्रान्तिशिखा धिताल	११	**<u>उपदफा (५) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "विषयगत विज्ञ कानुन व्यवसायीको सूची तयार गर्ने तथा सूचीबाट हटाउने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ र सो मापदण्ड निर्धारण गर्ने क्रममा अनुभव, विषयगत दक्षता, योग्यता, लैङ्गिक तथा भौगोलिक प्रतिनिधित्वलाई समेत आधार बनाउनु पर्नेछ।
३५.	मा. मनिष झा	११	**<u>उपदफा (४) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>**:-

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "प्रचलित कानुन व्यवसायीको न्यूनतम पारिश्रमिकको आधार, कामको प्रकृति, जटिलता र समयलाई आधार मानी" । **<u>उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नुपर्ने</u>**:- "(५) विषयगत विज्ञ कानुन व्यवसायीको सूची तयार गर्दा योग्यता, अनुभव, विषयगत दक्षता, लैङ्गिक तथा समावेशी प्रतिनिधित्व र हितको द्वन्द्व नभएको अवस्थालाई आधार लिनु पर्नेछ। सूचीबाट हटाउँदा कारणसहितको सूचना दिई सफाइ पेस गर्ने उचित अवसर दिनु पर्नेछ।" **<u>उपदफा (६) पछि देहायको उपदफा (७) थप गर्नुपर्ने</u>**:- "(७) निःशुल्क कानुनी सहायता उपलब्ध गराउँदा सम्भव भएसम्म असमर्थ पक्षको रोजाइ, मुद्दाको प्रकृति, कानुन व्यवसायीको विषयगत दक्षता, हितको द्वन्द्व तथा कार्यभारलाई विचार गरी कानुन व्यवसायी तोक्नु पर्नेछ। हितको द्वन्द्व भएको कानुन व्यवसायीलाई त्यस्तो मुद्दामा नियुक्त गर्न पाइने छैन।"
३६.	मा. गंगा छन्त्याल	१२	**<u>दफा १२ को सट्टा देहायको दफा १२ राख्नुपर्ने</u>**:- "१२. **<u>पहुँचयुक्त सञ्चार तथा प्रविधिको प्रयोग</u>** : (१) अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क कानुनी सहायता, परामर्श, लिखत मस्यौदा, र अदालतमा बहस-पैरवी उपलब्ध गराउँदा निजको अपाङ्गताको प्रकृति अनुसार साङ्केतिक भाषा दोभाषे (Sign Language Interpreter), ब्रेल लिपि (Braille), ठूला अक्षर (Large Print) वा अन्य उपयुक्त पहुँचयुक्त सञ्चार माध्यम उपलब्ध गराउनु पर्नेछ।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(२) उपदफा (१) बमोजिमको सेवा उपलब्ध गराउन जिल्ला समितिले आवश्यक साङ्केतिक भाषा दोभाषे तथा विज्ञहरूको सूची (रोस्टर) तयार गरी सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।"
३७.	मा. सुशील खड्का	१२	**<u>दफा १२ को सट्टा देहायको दफा (१२) राख्नुपर्ने</u>:-** "१२. **<u>सहज पहुँचयोग्य ढाँचामा सेवा उपलब्ध गराउनुपर्ने</u>** : (१) सुनुवाइ, स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क कानुनी सहायता उपलब्ध गराउँदा साङ्केतिक भाषाको प्रशिक्षित दोभाषेसमेत प्रयोग गर्नु पर्नेछ। (२) दृष्टिविहीनता वा दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई ब्रेल वा श्रव्य ढाँचामा जानकारी उपलब्ध गराउनुपर्नेछ, र बौद्धिक वा मानसिक अपाङ्गता भएका व्यक्तिलाई सहज बुझ्ने (Easy-read) ढाँचा तथा आवश्यकतानुसार सहजकर्ताको सहयोग उपलब्ध गराउनु पर्नेछ। (३) नेपाली भाषा नबुझ्ने वा बोल्न नसक्ने असमर्थ पक्षलाई निजले बुझ्ने भाषामा निःशुल्क दोभाषे वा अनुवादकको व्यवस्था गर्नु पर्नेछ।"
३८.	मा. नितिमा भण्डारी (कार्की)		
३९.	मा. परशुराम तामाङ्ग	१२	**<u>देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "नेपाली भाषा नबुझ्ने व्यक्तिलाई आ-आफनो समुदायको वा आफूले बुझ्ने राष्ट्रिय भाषामा निशुल्क कानुनी सहायता पाउने हक हुने"
४०.	मा. सुशील खड्का	दफा थप	**<u>दफा १२ पछि देहायको दफा १३ थप गरी त्यसपछिका दफाक्रम मिलाउनुपर्ने</u>:-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
४१.	मा. नितिमा भण्डारी (कार्की)		**१३. <u>सहयोग तथा परामर्शको गोपनीयता</u> :** (१) असमर्थ पक्ष र निजलाई सेवा प्रदान गर्ने निःशुल्क कानुनी सहायता अधिकृत, कानुन व्यवसायी, dobhase वा मनोसामाजिक परामर्शदाताबिच भएको कुराकानी, परामर्श वा आदानप्रदान गोप्य रहनेछ। (२) असमर्थ पक्षको स्पष्ट लिखित सहमति नलिई वा अदालतको आदेश नभई उपदफा (१) बमोजिमको गोप्य विवरण कसैलाई पनि खुलाइने छैन। (३) यस दफाको प्रतिकूल हुने गरी काम गर्ने निःशुल्क कानुनी सहायता अधिकृत वा कानुन व्यवसायीलाई प्रचलित कानुनबमोजिम विभागीय कारबाही हुनेछ।"
४२.	मा. गणेश बहादुर विश्वकर्मा	१३	**<u>उपदफा (२) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राख्नुपर्ने</u>:-** "(च) राष्ट्रिय दलित आयोगको प्रतिनिधि -सदस्य"
४३.	मा. रिमा विश्वकर्मा	१३	**<u>उपदफा (२) पछि देहायको उपदफा (२क) र (२ख) थप गर्नुपर्ने</u>:-** "(२क) उपदफा (२) बमोजिम परिषद्को गठन गर्दा परिषद्मा कम्तीमा तेत्तिस प्रतिशत महिला तथा दफा ४ को खण्ड (क) मा उल्लिखित सीमान्तकृत समुदायको प्रतिनिधित्व हुने गरी गठन गर्नु पर्नेछ। (२ख) उपदफा (२क) बमोजिमको प्रतिनिधित्व उपदफा (२) बमोजिमका सदस्यबाट नपुगेमा नपुग सङ्ख्यामा महिला तथा सीमान्तकृत समुदायबाट परिषद्ले थप

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			सदस्य मनोनयन गर्नु पर्नेछ र त्यसरी मनोनीत सदस्यको पदावधि उपदफा (३) बमोजिम हुनेछ।"
४४.	मा. लिमा अधिकारी (आचार्य)	१३	<u>उपदफा (२) को खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राख्नुपर्ने</u>:- "(झ) निःशुल्क कानुनी सहायता प्रदान गर्ने गैरसरकारी संस्था, राष्ट्रिय मानव अधिकार आयोगको प्रतिनिधि र सूचना प्रविधि विज्ञमध्येबाट कम्तीमा दुई जना महिलासहित परिषद्ले मनोनयन गरेका तीन जना -सदस्य"
४५.	मा. गंगा छन्त्याल	१३	<u>उपदफा (२) को खण्ड (झ) मा रहेका</u>, - "कम्तीमा एक जना महिलासहित दुई जना" भन्ने शब्दहरूको सट्टा "कम्तीमा एक जना महिला र एक जना अपाङ्गता भएको व्यक्तिसहित तीन जना" भन्ने शब्दहरू राख्नुपर्ने।
४६.	मा. क्रान्तिशिखा धिताल	१३	<u>खण्ड (ञ) पछि देहायका खण्डहरू थप गर्नुपर्ने</u>:- "(ञ१)अध्यक्ष, राष्ट्रिय मानव अधिकार आयोग -सदस्य (ञ२) अध्यक्ष, राष्ट्रिय महिला आयोग -सदस्य (ञ३) अध्यक्ष, राष्ट्रिय दलित आयोग -सदस्य (ञ४) अध्यक्ष, राष्ट्रिय समावेशी आयोग -सदस्य (ञ५) अध्यक्ष, आदिवासी जनजाति आयोग -सदस्य (ञ६) अध्यक्ष, मधेशी आयोग आयोग -सदस्य (ञ७) अध्यक्ष, थारु समावेशी आयोग -सदस्य

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(ञट) अध्यक्ष, मुस्लिम आयोग -सदस्य"
४७.	मा. लिमा अधिकारी (आचार्य)	१४	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः-</u> (१) परिषदको बैठक प्रत्येक आर्थिक वर्षमा कम्तीमा चार पटक बस्ने छ र दुई बैठकबिचको अन्तर ४ महिना भन्दा बढी हुने छैन।
४८.	मा. गंगा छन्त्याल	१४	<u>उपदफा (९) पछि देहायको उपदफा (९क) थप गर्नुपर्ने</u>ः- "(९क) परिषद्को बैठकमा सहभागी हुने अपाङ्गता भएका सदस्य वा आमन्त्रित व्यक्तिका लागि निजको आवश्यकता अनुसार साङ्केतिक भाषा दोभाषे, पहुँचयुक्त दस्तावेज वा अन्य आवश्यक सहजीकरणको व्यवस्था सचिवालयले गर्नु पर्नेछ।"
४९.	मा. गणेश बहादुर विश्वकर्मा	१५	<u>खण्ड (ञ) पछि देहायको खण्ड (ट) थप गर्नुपर्ने</u>ः- "(ट) पुस्तौंदेखि जातीय छुवाछूत, भेदभाव तथा बहिष्करणमा पारिएका दलित समुदायका बिचमा निःशुल्क कानुनी सहायताका विषयमा जागरण अभियान सञ्चालन गर्ने।"
५०.	मा. गंगा छन्त्याल	१५	<u>खण्ड (ङ) मा रहेका</u>, - "गुणस्तर तथा मापदण्ड" भन्ने शब्दहरूका सट्टा "गुणस्तर तथा मापदण्ड तथा भौतिक infrastructure, सूचना र सञ्चारको सर्वव्यापी पहुँच (Universal Accessibility) सम्बन्धी मापदण्ड" भन्ने शब्दहरू राख्नुपर्ने।
५१.	मा. सुशील खड्का	१५	<u>खण्ड (छ) मा देहायका शब्दहरू थप गर्नुपर्नेः-</u>

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
५२.	मा. नितिमा भण्डारी (कार्की)		- "असमर्थ पक्षलाई उपलब्ध निःशुल्क कानुनी सहायता तथा सुविधाका बारेमा सम्बन्धित निकायमार्फत अनिवार्य रूपमा जानकारी पाएको सुनिश्चित गर्नु पर्नेछ।"
५३.	मा. गणेश बहादुर विश्वकर्मा	१६	**<u>उपदफा (२) मा देहायको खण्ड (ङ१) थप गर्नुपर्ने</u>:-** "(ङ१) सचिव, राष्ट्रिय दलित आयोग -सदस्य"
५४.	मा. रिमा विश्वकर्मा	१६	**<u>उपदफा (२) पछि देहायको उपदफा (३) र (४) थप गर्नुपर्ने</u>:-** "(३) उपदफा (२) बमोजिम कार्यकारी समितिको गठन गर्दा समितिमा कम्तीमा तेत्तिस प्रतिशत महिला तथा सीमान्तकृत समुदायको प्रतिनिधित्व हुनु पर्नेछ। (४) उपदफा (२क) बमोजिमको प्रतिनिधित्व नपुगेमा परिषद्ले महिला तथा सीमान्तकृत समुदायका निःशुल्क कानुनी सहायता सम्बन्धी विज्ञ वा प्रतिनिधिमध्येबाट आवश्यक सङ्ख्यामा सदस्य मनोनयन गरी कार्यकारी समितिमा समावेश गर्नु पर्नेछ।"
५५.	मा. गंगा छन्त्याल	१६	**<u>उपदफा (२) को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थप गर्नुपर्ने</u>:-** "(ङ१) अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको क्षेत्रमा कार्यरत राष्ट्रिय स्तरका महासङ्घ वा संस्थाका प्रतिनिधिहरू मध्येबाट परिषद्ले मनोनीत गरेको एक जना -सदस्य"
५६.	मा. लिमा अधिकारी (आचार्य)	१७	**<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>:-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(१) कार्यकारी समितिको बैठक प्रत्येक आर्थिक वर्षमा कम्तीमा चार पटक बस्नेछ र दुई बैठकबिचको अन्तर ४ महिना भन्दा बढी छैन।"
५७.	मा. गंगा छन्त्याल	१८	**<u>खण्ड (झ) मा रहेका,</u>** - "परिचयात्मक पुस्तक पुस्तिका प्रकाशन तथा वितरण गर्ने" भन्ने शब्दहरूका सट्टा "साङ्केतिक भाषा, ब्रेल लिपि, अडियो (Audio) र सहजै पढ्न सकिने (Easy-to-Read) लगायतका पहुँचयुक्त माध्यममा परिचयात्मक पुस्तक, पुस्तिका तथा सूचना सामग्री प्रकाशन र वितरण गर्ने" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>खण्ड (ठ) मा रहेका,</u>** - "तालिम तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने" भन्ने शब्दहरूका सट्टाम " तालिम तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने, जसमा अपाङ्गता अधिकार, साङ्केतिक भाषा र पहुँचयुक्त सञ्चार सम्बन्धी विषय समावेश गर्नुपर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
५८.	मा. परशुराम तामाङ्ग	१८	**<u>खण्ड (छ), (ज) र (ट) मा रहेका,</u>** - "जिल्ला समिति" भन्ने शब्दहरू झिक्नुपर्ने।
५९.	मा. रिमा विश्वकर्मा	२०	**<u>उपदफा (१) मा रहेका,</u>** "उपलब्ध गराउन सक्नेछ" भन्ने शब्दहरूको सट्टा "उपलब्ध गराउनु पर्नेछ" राख्नुपर्ने।
६०.	मा. गंगा छन्त्याल	२०	**<u>उपदफा (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>:-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"तर प्रदेश सरकारले निःशुल्क कानुनी सहायता उपलब्ध गराउँदा प्रदेशभित्र बोलिने स्थानीय/मातृभाषा तथा अपाङ्गता भएका व्यक्तिका लागि साङ्केतिक भाषा वा पहुँचयुक्त माध्यमबाट सहायता पाउने व्यवस्था गर्नु पर्नेछ।"
६१.	मा. क्रान्तिशिखा धिताल	२०	<u>उपदफा (१) मा रहेका,</u> - "गराउन सक्नेछ" भन्ने शब्दहरूका सट्टा "गराउन पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
६२.	मा. गंगा छन्त्याल	२१	<u>उपदफा (१) मा रहेका,</u> - "प्रदेश कानुनी सहायता समिति गठन गर्न सक्नेछ" भन्ने शब्दहरूपछि ", र सो समितिमा कम्तीमा एक जना महिला र एक जना अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व सुनिश्चित गरिनेछ" भन्ने शब्दहरू थप गर्नुपर्ने।
६३.	मा. रिमा विश्वकर्मा	२२	<u>उपदफा (१)मा रहेका,</u> - "उपलब्ध गराउन सक्नेछ" भन्ने शब्दहरूका सट्टा "उपलब्ध गराउनु पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने। <u>उपदफा (२)मा रहेका,</u> "उपलब्ध गराउन सक्नेछ" भन्ने शब्दहरूका सट्टा "उपलब्ध गराउनु पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
६४.	मा. परशुराम तामाङ्ग	२२, २३, २४ र २५	<u>दफा २२, २३, २४ र २५ मा रहेका,</u> - "जिल्ला समिति" भन्ने शब्दहरूका सट्टा "स्थानीय तह समिति" राख्नुपर्ने।
६५.	मा. गणेश बहादुर विश्वकर्मा	२३	<u>उपदफा (२) मा देहायको खण्ड (झ१) थप गर्नुपर्ने</u>ः- "(झ) जिल्लाका निःशुल्क कानुनी सहायता प्रदायक गैरसरकारी संस्थाको प्रतिनीधित्व रहने गरी जिल्ला समितिबाट कम्तिमा १ जना दलित प्रतिनीधि रहने गरी कम्तिमा २ जना -सदस्य
६६.	मा. रिमा विश्वकर्मा	२३	<u>उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थप गरी त्यसपछिका उपदफाक्रम मिलाउनुपर्ने</u>ः- "(३) उपदफा (२) को खण्ड (क) बमोजिमका अध्यक्षले जिल्ला समितिलाई न्यायिक मार्गदर्शन र नीतिगत निर्देशन दिनेछन् र समितिको प्रशासनिक तथा कार्यकारी नेतृत्वका लागि समितिले आफ्ना सदस्यमध्येबाट एकजनालाई कार्यकारी संयोजक तोक्नेछ। (४) देहायका प्रशासनिक तथा कार्यकारी कार्य कार्यकारी संयोजकले गर्नेछन् :- (क) दफा २८ बमोजिमको बैङ्क खाता सञ्चालन तथा कोष व्यवस्थापन, (ख) दफा २५ को उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिम निःशुल्क कानुनी सहायता अधिकृतको कार्य तथा जिम्मेवारी बाँडफाँट र क्षमता अभिवृद्धि,

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(ग) समितिको सचिवालय तथा कर्मचारी सम्बन्धी प्रशासनिक कार्य र कर्मचारीको सिफारिस, र (घ) समितिको आय-व्ययको अभिलेख तथा लेखा सम्बन्धी कार्य।"
६७.	मा. गंगा छन्त्याल	२३	**<u>उपदफा (२) को खण्ड (झ) पछि देहायको खण्ड (झ१) थप गर्नुपर्नेः-</u>** "(झ१) जिल्लाभित्र अपाङ्गताका क्षेत्रमा कार्यरत संस्थाहरूमध्येबाट जिल्ला समितिले मनोनीत गरेको एक जना -सदस्य" **<u>उपदफा (३) मा रहेका</u>**, - "कम्तीमा एक जना महिला सदस्य मनोनीत गर्नु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "कम्तीमा एक जना महिला र एक जना अपाङ्गता भएको व्यक्ति सदस्य मनोनीत गर्नु पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
६८.	मा. गंगा छन्त्याल	२४	**<u>दफा २४ को उपदफा (९) पछि देहायको नयाँ उपदफा (१०) थप गर्ने</u>**ः- "(१०) जिल्ला समितिको बैठक वा सो समितिले आयोजना गर्ने छलफल/सुनुवाइमा अपाङ्गता भएका सदस्य वा सेवाग्राहीको सहभागिताका लागि आवश्यक साङ्केतिक भाषा दोभाषे तथा भौतिक पहुँच (Physical Accessibility) को व्यवस्था मिलाउनु पर्नेछ।"
६९.	मा. लिमा अधिकारी (आचार्य)	२५	**<u>उपदफा (१) को खण्ड (छ) पछि देहायको खण्ड (छ१) थप गर्नुपर्ने</u>ः-** "(छ१) स्वेच्छिक निःशुल्क कानुनी सहायता (प्रो-बोनो) प्रदान गर्ने कानुन व्यवसायीहरूलाई प्रोत्साहन गर्न वार्षिक प्रो-बोनो अङ्क प्रदान गर्ने र

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			वरिष्ठ अधिवक्ताको उपाधि तथा अन्य सिफारिसमा सो अङ्कलाई प्राथमिकताको आधार मान्ने,"
७०.	मा. गंगा छन्त्याल	२५	**<u>उपदफा (१) को खण्ड (क) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "र सो सूचीमा साङ्केतिक भाषा सम्बन्धी ज्ञान भएका वा अपाङ्गतासम्बन्धी कानुनका विज्ञ कानुन व्यवसायीलाई प्राथमिकता दिइनेछ" **<u>उपदफा (१) को खण्ड (ङ) मा रहेको,</u>** - "क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने" भन्ने शब्दहरूपछि ", जसमा साङ्केतिक भाषा, ब्रेल तथा अपाङ्गता अधिकार सम्बन्धी अभिमुखीकरण अनिवार्य समावेश गर्नुपर्नेछ" भन्ने शब्दहरू थप गर्नुपर्ने।
७१.	मा. सुशील खड्का	२५	**<u>उपदफा (१) को खण्ड (ग) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "र सोही मितिदेखि सम्बन्धित असमर्थ पक्षको मुद्दाको निरन्तरता तथा हक हितमा असर नपर्ने गरी तत्काल अर्को कानुन व्यवसायी वा निःशुल्क कानुनी सहायता अधिकृत तोक्ने,"
७२.	मा. नितिमा भण्डारी (कार्की)		
७३.	मा. लिमा अधिकारी (आचार्य)	२६	**<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>:-** "(१) प्रत्येक स्थानीय तहले आफ्नो न्यायिक समितिको मातहत रहने गरी एउटा 'स्थानीय कानुनी सहायता तथा परामर्श केन्द्र' स्थापना गरी असमर्थ नागरिकलाई निःशुल्क कानुनी परामर्श, लिखत मस्यौदा र मेलमिलाप सेवा अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ।"
७४.	मा. गंगा छन्त्याल	२६	**<u>उपदफा (२) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>:-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"तर पूर्ण वा गम्भीर अपाङ्गता भएको व्यक्ति, ज्येष्ठ नागरिक वा बालबालिकाको हकमा निजको साथमा जाने एक जना सहयोगी (Attendant/Escort) को समेत यात्रा, बास र खाना खर्च स्थानीय तहले बेहोर्नु पर्नेछ।
७५.	मा. मनिष झा	२६	**<u>उपदफा (१) मा रहेका</u>**, - "गर्न सक्नेछ" भन्ने शब्दहरूको सट्टा "गर्नु पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
७६.	मा. निशा डाँगी	२६	**<u>उपदफा (१) मा रहेका</u>**, - "गर्न सक्नेछ" भन्ने शब्दहरूका सट्टा "गर्नु पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>उपदफा (२) मा रहेका,</u>** - "उपलब्ध गराउन सक्नेछ" भन्ने शब्दहरूको सट्टा "उपलब्ध गराउनु पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
७७.	मा. रिमा विश्वकर्मा	२७	**<u>उपदफा (७) पछि देहायको उपदफा (८) र (९) थप गर्नुपर्ने</u>:-** "(८) नेपाल सरकारले कोषको दिगो स्रोत सुनिश्चित गर्न कम्तीमा तीन आर्थिक वर्षको बहुवर्षीय बजेट प्रतिबद्धता जनाउनु पर्नेछ। (९) नेपाल सरकारले प्रत्येक आर्थिक वर्ष कोषमा तोकिएबमोजिमको न्यूनतम वार्षिक अनुदान उपलब्ध गराउनु पर्नेछ।
७८.	मा. गुरु प्रसाद बराल	२७	**<u>उपदफा (७) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "निःशुल्क कानुनी सहायता सञ्चालनका लागि पर्याप्त वार्षिक बजेट सुनिश्चित गर्ने, कोषको रकम अन्य प्रयोजनमा खर्च गर्न नपाइने र खर्चको सार्वजनिक प्रतिवेदन अनिवार्य गर्ने"
७९.	मा. गंगा छन्त्याल	२७	<u>उपदफा (६) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>ः- "तर कोषबाट जिल्ला समितिलाई रकम विनियोजन गर्दा साङ्केतिक भाषा दोभाषे (Sign Language Interpreter) को सेवा शुल्क, ब्रेल/पहुँचयुक्त सामग्री निर्माण, र अपाङ्गता भएका सेवाग्राहीको यात्रा तथा सहजीकरण खर्चका लागि विशेष बजेट विनियोजन गर्नु पर्नेछ।"
८०.	मा. मनिष झा	२७	<u>उपदफा (३) पछि देहायको उपदफा (३क) थप गर्नुपर्ने</u>ः- "(३क) विदेशी व्यक्ति, संस्था वा निकायबाट प्राप्त हुने सहयोग कानुनी सहायता प्रणालीको स्वतन्त्रता, निष्पक्षता, सेवाग्राहीको गोपनीयता वा कानुन व्यवसायीको व्यावसायिक स्वतन्त्रतामा प्रतिकूल प्रभाव पर्ने गरी स्वीकार गर्न पाइने छैन। प्राप्त सहयोगको स्रोत, रकम, प्रयोजन र खर्चको विवरण सार्वजनिक गर्नु पर्नेछ।"
८१.	मा. कमल सुबेदी	२७	<u>उपदफा (७) पछि देहायको उपदफा (८) थप गर्नुपर्ने</u>ः- "(८) निःशुल्क कानुनी सहायता कोषमा प्राप्त रकम र सोको खर्च सम्बन्धी विवरण प्रत्येक छ महिनामा पारदर्शी रूपमा सर्वसाधारणको जानकारीका लागि विद्युतीय प्रणाली (वेबसाइट) मार्फत सार्वजनिक गर्नु पर्नेछ।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
८२.	मा. रिमा विश्वकर्मा	२९	**<u>दफा २९ को अन्त्यमा देहायको शब्दहरू थप गर्नुपर्नेः-</u>** "तर यस दफा बमोजिम उपलब्ध गराउनु पर्ने रकम दफा २७ को उपदफा (९) बमोजिम सुनिश्चित गरिएको अनुदानबाट आर्थिक वर्षको प्रारम्भमै उपलब्ध गराउनु पर्नेछ।"
८३.	मा. गंगा छन्त्याल	२९	**<u>दफा २९ मा रहेका,</u>** - "पारिश्रमिक र कार्यालय व्यवस्थापनको लागि" भन्ने शब्दहरूका सट्टा "पारिश्रमिक, कार्यालय व्यवस्थापन, पहुँचयुक्त भौतिक तथा सञ्चार संरचना (Accessible Infrastructure & Communication) र साङ्केतिक भाषा दोभाषेको पारिश्रमिकको लागि" भन्ने शब्दहरू थप गर्नुपर्ने।
८४.	मा. परशुराम तामाङ्ग	२९	**<u>दफा २९ मा रहेका,</u>** - "जिल्ला समिति" भन्ने शब्दहरूका सट्टा "स्थानीय समिति" भन्ने शब्दहरू राख्नुपर्ने।
८५.	मा. मनिष झा	३०	**<u>उपदफा (३) पछि देहायको उपदफा (४) थप गर्नुपर्नेः-</u>** "(४) निःशुल्क कानुनी सहायता कोषबाट भएको खर्च, जिल्लागत रूपमा उपलब्ध गराइएको रकम, सेवाग्राहीको सङ्ख्या, सेवा प्रदायकलाई भुक्तानी गरिएको रकम तथा बाँकी रकमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र परिषद्को वेबसाइट तथा विद्युतीय प्रणालीमार्फत सार्वजनिक गर्नु पर्नेछ।"
८६.	मा. गुरु प्रसाद बराल	३१	**<u>उपदफा (१) मा रहेको,</u>**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "कम्तीमा दुई वर्ष कानुन व्यवसाय गरेका" भन्ने शब्दहरूका सट्टा "कम्तीमा पाँच वर्ष कानुन व्यवसाय गरेका" भन्ने शब्दहरू राख्नुपर्ने।
८७.	मा. लिमा अधिकारी (आचार्य)	३१	**<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>:-** "(१) जिल्ला समितिले लोक सेवा आयोग वा तोकिएको स्वतन्त्र निकायमार्फत खुला र प्रतिस्पर्धी परीक्षा सञ्चालन गरी कम्तीमा दुई वर्षको अनुभव भएका अधिवक्ताहरूमध्येबाट योग्यताक्रमका आधारमा दुई वर्षका लागि निःशुल्क कानुनी सहायता अधिकृत नियुक्त गर्नेछ।"
८८.	मा. गंगा छन्त्याल	३१	**<u>उपदफा (१) मा रहेका,</u>** - "कम्तीमा दुई वर्ष कानुन व्यवसाय गरेका कानुन व्यवसायीहरू मध्येबाट" भन्ने शब्दहरूपछि",साङ्केतिक भाषाको ज्ञान भएका वा अपाङ्गता सम्बन्धी कानुन तथा मानव अधिकारको क्षेत्रमा काम गरेका व्यक्तिहरूलाई प्राथमिकता दिई" भन्ने शब्दहरू थप गर्नुपर्ने। **<u>उपदफा (८) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>:-** "तर नियुक्ति पश्चात् कानुनी सहायता अधिकृतहरूलाई अपाङ्गता अधिकार, पहुँचयुक्त सञ्चार प्रविधि र अपाङ्गता भएका व्यक्तिहरूसँग व्यवहार गर्ने तरिकासम्बन्धी अनिवार्य तालिम तथा अभिमुखीकरण प्रदान गरिनेछ।"
८९.	मा. मनिष झा	३१	**<u>उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नुपर्ने</u>:-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(४) निःशुल्क कानुनी सहायता अधिकृतलाई देहायको अवस्थामा मात्र पदबाट हटाउन सकिनेछः- (क) गम्भीर आचारसंहिता उल्लङ्घन गरेको प्रमाणित भएमा, (ख) भ्रष्टाचार वा आर्थिक अनियमितता सम्बन्धी कसूरमा अदालतबाट दोषी ठहर भएमा, (ग) पटक-पटक जिम्मेवारी पूरा नगरेको प्रमाणित भएमा, वा (घ) सेवाको गुणस्तरमा गम्भीर लापरवाही गरेको प्रमाणित भएमा। तर यसरी हटाउनुअगि निजलाई आरोपको जानकारी दिई उचित समयभित्र सफाइ पेस गर्ने अवसर दिनु पर्नेछ र हटाउने निर्णयको कारण लिखित रूपमा दिनु पर्नेछ।"
९०.	मा. कमल सुबेदी	३१	<u>उपदफा (१) मा रहेका,</u> - "कम्तीमा दुई वर्ष कानुन व्यवसाय गरेका" भन्ने शब्दहरूका सट्टा "कम्तीमा तीन वर्ष निरन्तर कानुन व्यवसाय वा न्यायिक क्षेत्रमा अनुभव हासिल गरेका" भन्ने शब्दहरू राख्नुपर्ने।
९१.	मा. गंगा छन्त्याल	३३	<u>दफाको अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>ः- - "यसरी एकीकृत सेवा प्रदान गर्दा अपाङ्गता भएका व्यक्तिका लागि 'एकद्वार पहुँच केन्द्र' (Single-Window Accessible Desk) को रूपमा सहजीकरण गरी

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			साङ्केतिक भाषा, ब्रेल तथा अन्य पहुँचयुक्त प्रविधिको साझा प्रयोग सुनिश्चित गरिनु पर्नेछ।"
९२.	मा. गंगा छन्त्याल	३४	<u>उपदफा (१) मा रहेका,</u> - "सम्बन्धित जिल्ला समितिमा सूचीकृत हुनु पर्नेछ।" भन्ने शब्दहरूपछि "यसरी सूचीकृत हुँदा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका क्षेत्रमा काम गर्ने वा साङ्केतिक भाषा/अपाङ्गता अनुकूल सहजीकरण गर्न सक्ने गैरसरकारी संस्थालाई प्राथमिकता दिइनेछ।" भन्ने शब्दहरू थप गर्नुपर्ने।
९३.	मा. लिमा अधिकारी (आचार्य)	३५	<u>उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्नुपर्ने</u>ः- "(३) नेपाल बार काउन्सिलमा दर्ता भएका प्रत्येक कानुन व्यवसायीले प्रत्येक वर्ष कम्तीमा ३० घण्टा स्वेच्छिक निःशुल्क कानुनी सहायता (प्रो-बोनो) प्रदान गर्नुपर्ने नैतिक दायित्व हुनेछ।"
९४.	मा. सुशील खड्का	३५	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने</u>ः- "(२) स्वेच्छिक निःशुल्क कानुनी सहायता (प्रो बोनो) प्रदान गर्ने कानुनी व्यवसायीले पुऱ्याएको योगदान तथा कार्यसम्पादनको आधारमा परिषद्ले मापदण्ड बनाई सम्मान तथा निजको पेशागत पदोन्नति, नियुक्ति वा उच्च तहको पदका लागि सिफारिस गर्दा अतिरिक्त योग्यताका रूपमा गणना गर्न सक्नेछ।"
९५.	मा. नितिमा भण्डारी (कार्की)		
९६.	मा. कमल सुबेदी	३५	<u>दफा ३५ को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>ः-

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"तर निश्चित वर्षभन्दा बढी अनुभव भएका वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूले वर्षमा कम्तीमा दुई वटा मुद्दामा प्रो-बोनो (स्वेच्छिक निःशुल्क) सेवा प्रदान गर्ने प्रोत्साहनमूलक वा अनिवार्य प्रणाली परिषद्ले तोकेबमोजिम लागु गर्न सक्नेछ।"
९७.	मा. सुशील खड्का	३७	**<u>दफा शीर्षकपछि उल्लिखित बेहोरालाई उपदफा (१) कायम गरी त्यसपछि देहायको उपदफा (२) थप गर्नुपर्ने</u>:-** "(२) बालबालिकाको भनाइ लिँदा वा निजलाई कारबाहीको जानकारी दिँदा बालमैत्री वातावरणमा, सर्वोत्तम हितलाई ध्यान दिई गरिनु पर्नेछ।"
९८.	मा. नितिमा भण्डारी (कार्की)		
९९.	मा. कुसुम महर्जन	३८	**<u>दफाको अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "आचार संहितामा सेवाग्राहीको गोपनीयता, हितको द्वन्द्वबाट बच्ने, सेवाको निरन्तरता तथा गुणस्तर र उल्लङ्घनसम्बन्धी उजुरीको सुनुवाइका मापदण्ड अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ।"
१००.	मा. गंगा छन्त्याल	३८	**<u>दफाको अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "यसरी आचारसंहिता बनाउँदा अपाङ्गता भएका सेवाग्राहीहरूसँग गरिने भेदभावरहित व्यवहार, पहुँचयुक्त सञ्चारको प्रयोग र निजहरूको सम्मानजनक व्यवहार सम्बन्धी विषय अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ।"
१०१.	मा. गंगा छन्त्याल	३९	**<u>उपदफा (३) मा रहेका,</u>**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "सेवाग्राहीको पृष्ठपोषणको आधारमा" भन्ने शब्दहरूपछि ", जसमा अपाङ्गता भएका सेवाग्राहीका लागि निजहरूले बुझ्न सक्ने पहुँचयुक्त माध्यमबाट पृष्ठपोषण लिने व्यवस्था गरी" भन्ने शब्दहरू थप गर्नुपर्ने।
१०२.	मा. क्रान्तिशिखा धिताल	३९	**<u>देहायको स्पष्टीकरण खण्ड थप गर्नुपर्ने</u>ः-** **"स्पष्टीकरणः** सेवाग्राहीको पृष्ठपोषणका निम्ति प्रत्येक जिल्लामा कानुनी सहायता अस्वीकार, ढिलाइ वा गुणस्तरसम्बन्धी उजुरी तथा उक्त उजुरीको समयसीमा सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।"
१०३.	मा. रिमा विश्वकर्मा	४०	**<u>उपदफा (१) मा रहेका,</u>** - "पुष्टि भएमा" भन्ने शब्दहरूपछि "त्यस्तो व्यक्तिलाई पन्ध्र दिनको म्याद दिई सफाइ पेस गर्ने मनासिब मौका दिएपछि र सफाइ चित्तबुझ्दो नभएमा" भन्ने शब्दहरू थप गर्नुपर्ने। **<u>उपदफा (२) पछि देहायका उपदफा (३), (४) र (५) थप गर्नुपर्ने</u>ः-** "(३) उपदफा (१) बमोजिम असुल उपर गर्ने जिल्ला समितिको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र कार्यकारी समितिसमक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ। (४) उपदफा (३) बमोजिम निवेदन परेमा कार्यकारी समितिले सम्बन्धित जिल्ला समितिको कुनै सदस्यलाई संलग्न नगराई साठी दिनभित्र निवेदनको सुनुवाइ गरी निर्णय गर्नु पर्नेछ।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(५) उपदफा (३) बमोजिम निवेदन दिएकोमा पुनरावलोकनको निर्णय नभएसम्म असुल उपर गर्न पाइने छैन।"
१०४.	मा. ऐन बहादुर महर	४१	<u>उपदफा (३) मा रहेका,</u> - "परिषदले उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ" भन्ने शब्दहरूपछि "यसरी प्रतिवेदन सार्वजनिक गर्दा व्यक्तिको गोपनीयता कायम गरी सार्वजनिक गर्नु पर्नेछ" भन्ने शब्दहरू थप गर्नुपर्ने।
१०५.	मा. लिमा अधिकारी (आचार्य	४१	<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्ने</u>:- "(३) उपदफा (१) बमोजिम जिल्ला समितिबाट प्राप्त प्रतिवेदन समेतको आधारमा कार्यकारी समितिले आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिनभित्र तोकिएबमोजिमको विवरण संलग्न गरी वार्षिक प्रतिवेदन तयार गरी परिषद्मा पेस गर्नेछ र परिषद्ले उक्त प्रतिवेदन सङ्घीय संसद्को कानुन, न्याय तथा मानव अधिकार समितिमा पेस गर्नु पर्नेछ। सो समितिबाट अनुमोदनपश्चात् उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।"
१०६.	मा. गंगा छन्त्याल	४१	<u>उपदफा (३) को अन्तमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - "यसरी सार्वजनिक गरिने वार्षिक प्रतिवेदन दृष्टिविहिन तथा अन्य अपाङ्गता भएका व्यक्तिहरूको पहुँचका लागि स्क्रिन रिडर अनुकूल (Screen-reader

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			Accessible PDF/Web version), साङ्केतिक भाषाको सारांश र ब्रेल लिपिमा समेत उपलब्ध गराउनु पर्नेछ।
१०७.	मा. कुसुम महर्जन	४२	<u>उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्नुपर्ने</u>:- "(३) विद्युतीय प्रणालीमा रहेको सेवाग्राहीको व्यक्तिगत विवरण मुद्दाको प्रयोजन र सेवा प्रवाहका लागि आवश्यक सीमामा मात्र प्रयोग गरिनेछ, सेवाग्राहीको सहमति वा कानुनबमोजिम बाहेक तेस्रो पक्षलाई उपलब्ध गराइने छैन र अनधिकृत पहुँच रोक्ने सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ।"
१०८.	मा. रिमा विश्वकर्मा	४२	<u>उपदफा (२) पछि देहायका उपदफा (३), (४) र (५) थप गर्नुपर्ने</u>:- "(३) उपदफा (१) बमोजिमको प्रणालीमा प्रविष्ट गरिने घरेलु हिंसा वा लैङ्गिक हिंसा पीडित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक पहिचान लगायतका संवेदनशील व्यक्तिगत विवरण गोप्य राख्नुपर्नेछ र त्यस्तो विवरण तोकिएबमोजिमको अधिकारप्राप्त व्यक्तिले मात्र हेर्न पाउने गरी पहुँच सीमित गरिनेछ। (४) मन्त्रालयले प्रणालीको विकास, सञ्चालन र सुरक्षामा व्यक्तिगत गोपनीयता सम्बन्धी प्रचलित कानुनको पालना हुने गरी डाटाको गोप्यकरण (इन्क्रिप्सन), पहुँचको अभिलेख र ब्याकअपसम्बन्धी आवश्यक सुरक्षा व्यवस्था गर्नु पर्नेछ। (५) उपदफा (३) विपरीत कसैले कुनै विवरण अनधिकृत रूपमा प्रकट गरेमा वा दुरुपयोग गरेमा निजलाई प्रचलित कानुनबमोजिम कारबाही र सजाय हुनेछ।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
१०९.	मा. लिमा अधिकारी (आचार्य	४२	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>ः- "(१) असमर्थ पक्षलाई चौबीसै घण्टा सेवा दिन मन्त्रालयले 'एकीकृत डिजिटल कानुनी सहायता पोर्टल' तथा राष्ट्रिय चौबीसैं घन्टा टोल-फ्री हटलाइनको विकास गरी लागु गर्नेछ। सो प्रणालीमार्फत सोझै कानुनी परामर्श, उजुरी दर्ता, वकिल खोज्ने र केसको प्रगति विवरण हेर्न सकिनेछ।"
११०.	मा. गंगा छन्त्याल	४२	<u>उपदफा (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>ः- "तर यसरी विकास गरिने विद्युतीय प्रणाली (Electronic/Digital System) दृष्टिविहीन, सुस्तश्रवण तथा अन्य अपाङ्गता भएका व्यक्तिहरूले सहजै प्रयोग गर्न सक्ने गरी अन्तर्राष्ट्रिय पहुँचयुक्तता मापदण्ड (Web Content Accessibility Guidelines - WCAG) बमोजिम पहुँचयुक्त (Accessible) हुनु पर्नेछ।"
१११.	मा. मनिष झा	४२	<u>उपदफा (१) पछि देहायका उपदफा थप गर्नुपर्ने</u>ः- "(१क) विद्युतीय प्रणालीमा राखिने सेवाग्राहीको व्यक्तिगत, पारिवारिक, स्वास्थ्य, आर्थिक, फौजदारी वा अन्य संवेदनशील विवरणको गोपनीयता कायम गर्नु पर्नेछ। (१ख) सेवाग्राहीको पहिचान खुल्ने विवरण निजको सहमति वा कानुनबमोजिमको स्पष्ट आधारबिना सार्वजनिक गर्न पाइने छैन। (१ग) सेवाग्राहीलाई आफ्नो विवरणमा पहुँच, त्रुटि सच्याउने तथा गैरकानुनी प्रयोगविरुद्ध उजुरी गर्ने अधिकार हुनेछ।"
११२.	मा. निशा डाँगी	४२	<u>उपदफा (२) पछि देहायका उपदफा (३) थप गर्नुपर्ने</u>ः-

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(३) विद्युतीय प्रणालीमा सेवाग्राहीको पहिचान खुल्ने वा संवेदनशील व्यक्तिगत विवरणको गोपनीयता कायम गर्नु पर्नेछ र प्रचलित कानुनबमोजिमको आधारबिना त्यस्तो विवरण सार्वजनिक गर्न पाइने छैन।"
११३.	मा. रिमा विश्वकर्मा	४३	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने</u>:- "(२) उपदफा (१) बमोजिम पुरस्कार प्रदान गर्दा देहायका वस्तुनिष्ठ मापदण्डका आधारमा मूल्याङ्कन गर्नुपर्नेछ :- (क) उपलब्ध गराएको निःशुल्क कानुनी सहायताको सङ्ख्या र गुणस्तर, (ख) सेवाग्राहीबाट प्राप्त पृष्ठपोषण, (ग) सेवा प्रदान गर्दा पालना गरेको समयसीमा, (घ) दुर्गम तथा सीमान्तकृत वर्गमा सेवा पुर्‍याएको अवस्था, र (ङ) आचारसंहिताको पालना।" <u>उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थप गर्नुपर्ने</u>:- "(३) उपदफा (२) बमोजिमको मूल्याङ्कनको आधार र नतिजा सार्वजनिक गर्नुपर्नेछ र जिल्ला समितिले पुरस्कारको लागि सिफारिस गर्दा सोको आधार खुलाउनु पर्नेछ। (४) कानुनी सहायता पुरस्कार सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।"

प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११३ को उपनियम (१) मा रहेका संशोधनसम्बन्धी सर्तहरूका अधीनमा रही ऐ.ऐ. नियमको उपनियम (२) बमोजिम क्र.स. १ देखि क्र.स. ११३ सम्मको संशोधनका सूचनाहरू छलफलका लागि स्वीकृत।

.....
(डोल प्रसाद अर्याल)
सभामुख